**आकाशवाणी**

## मुख्य समाचार

- **भुवनेश्वरमा 'उत्कर्ष ओडिशा' सम्मेलनको उद्घाटन, 5 लाख करोड लगानी आकर्षणको लक्ष्य**
- **उत्तराखण्डमा आजदेखि राष्ट्रिय खेल 2025 सुरु हुँदै**
- **वित्तमन्त्रीले आगामी महिना संघीय बजेट प्रस्तुत गर्ने: बजेट, दीर्घकालीन विकास र रोजगारी सिर्जनामा केन्द्रित हुने अपेक्षा**
- **सिक्किमका लोकसभा सासंदद्वारा कैलाश मानसरोवर यात्रा पुन: शुरू गर्ने निर्णयको स्वागत,**
- **यमुना नदीको प्रदूषण माथि दिल्लीमा आम आदमी पार्टी र भाजपा बीच तीव्र बहस**

### भुवनेश्वरमा 'उत्कर्ष ओडिशा' सम्मेलनको उद्घाटन, ५ लाख करोड लगानी आकर्षणको लक्ष्य

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भुवनेश्वरमा उत्कर्ष ओडिशा– मेक इन ओडिशा कन्क्लेभको उद्घाटन गर्नुभएको छ। उत्कर्ष ओडिशा, ओडिशा सरकारद्वारा आयोजित एक प्रमुख वैश्विक लगानी सम्मेलन हो। यसको उद्देश्य ओडिशालाई प्रमुख लगानी गन्तव्य र औद्योगिक केन्द्रको रूपमा प्रस्तुत गर्नु हो। कन्क्लेभलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले, पूर्वी भारत देशको विकासको इन्जिन भएको उल्लेख गर्नुभयो र यस प्रगतिमा ओडिशाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

प्रधानमन्त्रीले तीव्र आर्थिक विकास, कच्चा मालको मात्र निर्यातबाट सम्भव नहुने कुरामा जोड पनि दिनुभयो। यस प्रवृत्तिलाई भारत सरकारले सम्पूर्ण औद्योगिक पारिस्थितिक प्रणालीको कायापलट गर्ने प्रयासमा रहेको बताउँदै उहाँले अनुसन्धान र नवाचारको लागि बलियो संरचना तयार गर्ने सरकारको प्रतिबद्धता दोहोर्याउनुभयो। साथै, उद्योग जगतलाई यस क्षेत्रमा सरकारसँग सहकार्य गर्न आग्रह गर्नुभयो।

दुई दिनसम्म चल्ने यस सम्मेलनको माध्यमबाट ओडिशाले 5 लाख करोड रुपैयाँभन्दा बढी लगानी आकर्षित गर्ने लक्ष्य राखेको छ। यसबाट करिब साढे तीन लाख रोजगारीको अवसर सिर्जना हुने अपेक्षा गरिएको छ। यस सम्मेलनमा 7 हजारभन्दा बढी प्रतिनिधिहरू सहभागी छन्। सहभागीहरूमा भारतका साथै 12 अन्य देशका कूटनीतिज्ञ, लगानीकर्ता र उद्योगपतिहरू सामेल छन्।

### उत्तराखण्डमा आजदेखि राष्ट्रिय खेल 2025 सुरु हुँदै

देहरादूनमा 38औं राष्ट्रिय खेलकुदको उद्घाटन समारोह चलिरहेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले यस कार्यक्रमको उद्घाटन गर्नुहुनेछ। उद्घाटन समारोहमा केन्द्रीय मन्त्रीहरू, भारतीय ओलम्पिक संघका सदस्यहरू र राष्ट्रिय खेलाडीहरू पनि सहभागी छन्। यो राष्ट्रिय खेलकुद उत्तराखण्डका 8 जिल्लाका 11 शहरहरूमा आगामी महिनाको 14 तारिखसम्म आयोजना गरिनेछ। यस खेलकुद महोत्सवमा 35 खेलका सैतालिस (47) इभेन्ट्स आयोजना गरिनेछन्।

### वित्तमन्त्रीले आगामी महिना संघीय बजेट प्रस्तुत गर्ने, दीर्घकालीन विकास र रोजगारी सिर्जनामा केन्द्रित हुने अपेक्षा

वित्तमन्त्री निर्मला सीतारमण, आगामी महिनाको पहिलो तारिखमा आर्थिक वर्ष 2025-26 को संघीय बजेट प्रस्तुत गर्ने तयारीमा जुटिरहनुभएको छ। आगामी बजेटले घरेलु र विश्वव्यापी चुनौतीहरूको सामना गर्न सरकारको आर्थिक प्राथमिकता र राजकोषीय रणनीतिहरू उजागर गर्ने अपेक्षा गरिएको छ। विशेषज्ञ र सर्वसाधारणले यसपालि सरकारले देशमा सुदृढ पूर्वाधार निर्माणमा जोड दिँदै विकास, रोजगारी सिर्जना, र वित्तीय व्यवस्थापनमा ध्यान केन्द्रित गर्ने आशा राखेका छन्।आकाशवाणी समाचारसँगको कुराकानीमा भारतीय वाणिज्य र उद्योग महासंघ (FICCI) की महानिर्देशक ज्योति विजले संघीय बजेटलाई दीर्घकालीन विकासका पहलुहरूमाथि केन्द्रित राख्नुपर्नेमा जोड दिनुभएको छ।

**सिक्किमको मंगन जिल्लामा**

सिक्किमको मंगन जिल्लामा पछिल्ला दुई महिनामा पर्यटकहरूको संख्या बढेको छ, जसले सिक्किमको  पर्यटन व्यावसायलाई अझ बलियो बनाएको छ। हिमताल फुटेर आएको बाढीका कारण अक्टोबर 2023 देखि यो क्षेत्रमा पर्यटकहरूको आवागमन बन्द भएको थियो भने उत्तर सिक्किमलाई गत वर्ष डिसेम्बर 1 मा पर्यटकहरूको लागि पुनः खोलिएको थियो।

**सिक्किमका लोकसभा सासंदद्वारा कैलाश मानसरोवर यात्रा पुनः शुरू गर्ने निर्णयको स्वागत, नाथुला पास हुँदै यात्रालाई सहज बनाउने आशा**

सिक्किमका लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले यसै वर्ष 2025 को गर्मी महीनामा पवित्र कैलाश मानसरेवर यात्रा पुन: शुरू गर्ने केन्द्र सरकारको निर्णयको स्वागत गर्नुभएको छ। भारतका विदेश सचिव श्री विक्रम मिश्री र चीनका विदेश सचिव वाङ यी बीच विचारविमर्श भएपछि यस्तो आशयको घोषणा गरिएको हो। श्री सुब्बाले भन्नुभएको छ- यसको पुन: शुरूवात विशेष गरी पूर्व सिक्किमको नाथुला पास भएर गरिने यात्राले श्रध्दालुहरूका लागि तीर्थयात्रालाई सहज र सुगम बनाउनेछ। यो सकारात्मक पाइलाको स्वागत गर्दै लोकसभा सांसदले यसद्वारा दुई देशबीच आपसी सम्झौता र विश्वास बढ़ने आशा व्यक्त गर्नुभएको छ।

**यमुना नदीको प्रदूषण माथि दिल्लीमा आम आदमी पार्टी र भाजपा बीच तीव्र बहस**

दिल्लीको विधानसभा चुनाव प्रचारका क्रममा आम आदमी पार्टी (आप) र भारतीय जनता पार्टी (भाजपा)बीच यमुना नदीको पानीको विषयमा तीव्र बहस भएको छ। आम आदमी पार्टीले आरोप लगाएको थियो कि हरियाणा सरकारले दिल्लीतर्फ आउने यमुना नदीको पानीमा विष मिसाएको छ। यस आरोपलाई लिएर भाजपा प्रवक्ता-सुधांशु त्रिवेदीले दिल्लीमा सत्तारुढ आम आदमी पार्टीमाथि जवाफी आक्रमण गर्नुभएको छ। उहाले मिडियालाई बताए अनुसार  दिल्ली जल बोर्डले स्वयं यो आरोपको खण्डन गरेको छ।

यसैबीच, आम आदमी पार्टीकी वरिष्ठ नेता तथा दिल्लीकी मुख्यमन्त्री श्रीमती आतिशीले मुख्य निर्वाचन आयुक्तलाई पत्र लेख्दै यमुना नदीमा अमोनियाको स्तरबारे ध्यानाकर्षण गराउनुभएको छ। उहाका अनुसार, हरियाणाबाट दिल्ली आउने पानीमा अमोनियाको स्तर लगातार बढ्दै गएको छ। हरियाणाबाट अनुपचारित फोहोर पानी र औद्योगिक अपशिष्ट यमुना नदीमा मिसिनाले पछिल्ला दुई दिनमा अमोनियाको स्तर 7 पीपीएमसम्म पुगेको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **भुवनेश्वरमा 'उत्कर्ष ओडिशा' सम्मेलनको उद्घाटन, 5 लाख करोड लगानी आकर्षणको लक्ष्य**
- **उत्तराखण्डमा आजदेखि राष्ट्रिय खेल 2025 सुरु हुँदै**
- **वित्तमन्त्रीले आगामी महिना संघीय बजेट प्रस्तुत गर्ने: बजेट, दीर्घकालीन विकास र रोजगारी सिर्जनामा केन्द्रित हुने अपेक्षा**
- **सिक्किमका लोकसभा सासंदद्वारा कैलाश मानसरोवर यात्रा पुनः शुरू गर्ने निर्णयको स्वागत,**
- **यमुना नदीको प्रदूषण माथि दिल्लीमा आम आदमी पार्टी र भाजपा बीच तीव्र बहस**